नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२।०८३

चलानी नं.: २५४

मितिः २०८२।११।१९

श्री गाउँपालिका (सबै),
श्री नगरपालिका (सबै),
श्री जिल्ला समन्वय समिति (सबै),

**विषयः स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System: LGPAS) मा आ.व. २०८१/०८२ को विवरण प्रविष्टि गर्ने सम्बन्धमा ।**

साबिकमा सञ्चालनमा रहेका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७; स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ र स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ बमोजिम हुँदै आएका स्व/मूल्याङ्कन कार्य मिति २०८२।०३।१३ को निर्णयबाट स्वीकृत (माननीय मन्त्रीस्तर) स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८२ (मिति २०८२।११।१३ को माननीय मन्त्रीस्तरको निर्णयबाट भएको पहिलो संशोधनसमेत) बमोजिमको **स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System: LGPAS)** मार्फत चालु आ. व. २०८२/०८३ मा सम्पन्न गर्नुपर्ने विषय विदितै छ। सो सम्बन्धमा देहाय बमोजिम गर्नु/गराउनु हुन निर्णयानुसार अनुरोध छ।

**देहायः**

१. गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको प्रयोगका लागि उपलब्ध गराइएको युजर नेम (User Name) र पासवर्ड (Password) मार्फत **मिति २०८२।११।१९, मंगलबार दिउँसो ११:०० देखि** सुचारु हुने प्रणालीमा पहुँच कायम (Log In) गर्ने।

२. हरेक गाउँपालिका, नगरपालिकाले आ. व. २०८१/०८२ को स्वमूल्याङ्कन चालु आ. व. २०८२/०८३ को मिति २०८२ चैत्र १५ भित्र सम्पन्न गरी प्रारम्भिक नतिजा जिल्ला समन्वय समितिमा पठाउने,

३. मिति २०८२ चैत्र २५ भित्र जिल्ला समन्वय समितिले गाउँपालिका, नगरपालिकाबाट पेस भएको प्रारम्भिक नतिजा अध्ययन गरी सम्बन्धित गाउँपालिका, नगरपालिकालाई पृष्ठपोषण पठाउने,

४. मिति २०८२ चैत्र मसान्तभित्र हरेक गाउँपालिका, नगरपालिकाले प्रणालीमा स्वमूल्याङ्कनको अन्तिम प्रविष्टि गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने।

(दीपेश कट्टेल)
शाखा अधिकृत

**बोधार्थः**

**श्री प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः** आवश्यक व्यवस्थापन तथा समन्वय गर्नु/गराउनुहुन ।

**श्री सूचना प्रविधि शाखाः** सबै गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समितिमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाइटमा समेत अपलोड गरिदिनुहुन।



CamScanner